सूर्योदय नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

प.सं. ०७८/०७९/योजना
च.नं. १२६२

फिक्कल, इलाम
१ नं. प्रदेश, नेपाल

मिति:- २०७८/०८/२८

**बिषय:- निर्माणाधीन ठे.नं.SUMO/ILAM/NCB/WORKS 08/075/076/076/077/077/078/078/079 पशुपतिनगर मानेभञ्ज्याङ्ग चोक देउराली बागगविरे सडक स्तरोन्नती निर्माण आयोजना फेज I को बाँकी निर्माण कार्य निर्धारित समय भित्र सम्पन्न गर्ने बारेको अन्तिम ताकेता।**

**श्री मामा भान्जा निर्माण सेवा, त्रियुगा न.पा.११, उदयपुर।**

O/C

उपर्युक्त सम्बन्धमा, यस सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र त्यस मामा भान्जा निर्माण सेवा, सू त्रियुगा न.पा.११, उदयपुरवीच मिति २०७५/१२/१७ मा भएको सम्झौता र २०७५/१२/१८ मा भएको कार्यादेश बमोजिम साथै यस सूर्योदय नगरपालिकाको विभिन्न मितिमा भएको बोर्ड बैठकको निर्णयानुसार यस अघि विभिन्न आ.व.का विभिन्न मितिमा म्याद थप भई मिति २०७८/०३/२७ को नगर कार्यपालिकाको १२१औं बैठकको निर्णयानुसार (निर्णय नं.१२ अनुसार) अन्तिम पटक मिति २०७८/०९/३० सम्म म्याद थप समेत भएको निर्माणाधीन **ठे.नं. SUMO/ILAM/NCB/WORKS 08/075/076/076/077/077/078/078/079 पशुपतिनगर मानेभञ्ज्याङ्ग चोक देउराली बागगविरे सडक स्तरोन्नती निर्माण आयोजना फेज I** को बाँकी निर्माण कार्य सम्पन्न गर्नु हुन भनी यस अघि पटक पटक पत्राचार गरिएको। यस कार्यालयको च.नं.१७५, मिति २०७८/०३/२८को म्याद थप पत्रबाट र यस सूर्योदय नगरपालिकाको मिति २०७८/०७/०८को १३०औं बैठकको निर्णय (निर्णय नं.१२) अनुसार र यस कार्यालयको च.नं.१३६१, मिति २०७८/०७/२३ को तत्काल काम सम्पन्न गर्ने बारेको ताकेता पत्रबाट समेत त्यस मामा भान्जा निर्माण सेवा, (त्रियुगा न.पा.११, उदयपुर)लाई ताकेता गरी जानकारी गराईएकोमा त्यस मामा भान्जा निर्माण सेवा, (त्रियुगा न.पा.११, उदयपुर)बाट म्याद थपको पत्र समेत बुझी माथि उल्लिखित व्यहोराको पत्र प्राप्त गरी यस सूर्योदय नगरपालिकाको माथि उल्लेख भए अनुसार विभिन्न मितिमा भएको निर्णय र मिति २०७८/०३/२८ र २०७८/०७/२३ को पत्रको बेवास्ता गरी यस नगरपालिका र नगर कार्यपालिकाको कार्यालयलाई अटेर गरी यस सम्बन्धमा यस अघि कार्यालयबाट, योजना तथा प्राविधिक शाखाबाट समेत पटक पटक मौखिक अनुरोध गर्दा समेत यस सूर्योदय नगरपालिकाको माथि उल्लिखित बैठकको निर्णय र यस कार्यालयको विभिन्न मितिको ताकेता पत्रको बेवास्ता र अटेर गरी, निर्माण व्यवसायीको Professional Ethics भन्दा बाहिर गई अत्यन्त लापरवाही र हेलचेक्र्याईपूर्वक माथि उल्लिखित आयोजनाको बाँकी निर्माण कार्यको लागि पटक पटक गरी म्याद थप भएको ३ वर्षभन्दा बढी समय वितिसक्दा पनि बाकीँ निर्माण कार्य सुरु नगरेको हुँदा तत्काल यो पत्र पाएको मितिले पुन: ताकेता गर्न नपर्ने गरी २४ घण्टाभित्र तत्काल प्राविधिक साइट इञ्चार्ज ईञ्जिनियरको निर्देशन र प्राविधिक राय परामर्शमा स्वीकृत लागत अनुमान, ड्रइङ्ग/ डिजाइन, नर्म्स, स्पेशिफिकेशन बमोजिम तोकिएको परिमाण र गुणस्तरमा स्वीकृत कबोल बमोजिमको लागतमा बाँकी निर्माण कार्य सम्पन्न गर्नु हुन जानकारी गराइएको व्यहोरा अनुरोध छ। अन्यथा प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली (संशोधन सहित) २०६४ र सूर्योदय नगरपालिका सार्वजनिक खरिद नियमावली (संशोधन सहित) २०७५ बमोजिम आवश्यक कार्यवाही प्रक्रिया गरी ठेक्का तोड्ने तर्फ कार्यवाही प्रक्रिया अगाडि बढाइने र कालो सूचीमा राख्ने तर्फ आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ। साथै अन्तिम पटक ताकेता गरिएको अवधिसम्म (२०७८/०९/३०) सम्ममा पनि माथि उल्लिखित निर्माणाधीन **ठे.नं. SUMO/ILAM/NCB/WORKS 08/075/076/076/077/077/078/078/079 पशुपतिनगर मानेभञ्ज्याङ्ग चोक देउराली बागगविरे सडक स्तरोन्नती निर्माण आयोजना फेज I** आयोजनाको बाँकी निर्माण काम सम्पन्न नगरेमा त्यस निर्माण व्यवसायीको तर्फबाट यस कार्यालयको पक्षमा (नाममा) रहेको सेन्चुरी कमर्सियल बैंक लि., पुतलिसडक, काठमाण्डौंमा रहेको कार्यसम्पादन जमानत (P.B./CCBPB33357576) र यस कार्यालयमा राखेको धरौटी रकम जफत गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यवाही भइजाने व्यहोरा समेत जानकारी गराइन्छ।

प.सं. ०७८/०७९/योजना
च.नं. १३६२

# सूर्योदय नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम
१ नं. प्रदेश, नेपाल

01C

01C

**बोधार्थ तथा कार्यार्थ:**

**श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना तथा विकास सहायता महाशाखा), सिंहदरवार, कामाण्डौं।**

**श्री प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.१, विराटनगर, मोरङ्ग।**

**श्री प्रदेश सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालय, प्रदेश नं.१, विराटनगर, मोरङ्ग।**

**श्री सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO), ताहाचल, काठमाण्डौं।**

**श्री सू.न.पा. नगर कार्यपालिका बोर्ड, सू.न.पा., फिक्कल, इलाम।**

**श्रीमान् नगरप्रमुखज्यू, सू.न.पा., नगर प्रमुखज्यूको निजी सचिवालय, सूर्योदय नगरपालिका, फिक्कल, इलाम।**

**श्रीमान् संयोजकज्यू लगायत सदस्यज्युहरू, सू.न.पा आयोजना तथा कार्यक्रम अनुगमन निरीक्षण एवम् सूपर्यवेक्षण समिति, फिक्कल, इलाम।**

**श्री सू.न.पा. भौतिक पूर्वाधार विकास समिति, सू.न.पा., फिक्कल, इलाम।**

**श्री सू.न.पा., नगर कार्यपालिकाको कार्यालय, प्राविधिक शाखा/ आर्थिक प्रशासन शाखा/ आ.ले.प. शाखा, फिक्कल, इलाम।**

**साइट इन्चार्ज ईञ्जिनियर श्री दिपेश आचार्य/ स.ई. श्री राजेश योञ्जन, सू.न.पा. नगर कार्यपालिकाको कार्यालय, फिक्कल, इलाम :** *तत्काल निर्माण व्यवसायी मामा भान्जा निर्माण सेवा, त्रियुगा न.पा.११ का निर्माण व्यवसायीलाई तु कार्यालयमा बोलाई मिति २०७८/०३/२७ को न.पा.को १२१औं र मिति २०७८/०७/०८ को १३०औं बैठकको निर्णयानुसार, सू.न.पा. नगर कार्यपालिकाको कार्यालयको च.नं.१७५, मिति २०७८/०३/२८ को म्याद थप पत्र र यस कार्यालयको च.नं.१३६१, मिति २०७८/०७/२३ को ताकेता पत्रानुसार म्याद थप भएको अवधिभित्र (२०७८/०९/३० भित्र) बाँकी निर्माण कार्य गर्नु/ गराउनु हुन र निर्माण कार्य सुरु भए/ नभएको सम्बन्धमा यस कार्यालयमा तु जानकारी दिनु हुन। साथै माथि उल्लिखित ठे.नं. अनुसारको आयोजनाको यस कार्यालयको पक्षमा/ नाममा रहेको मामा भान्जा निर्माण सेवा, (त्रियुगा न.पा.११ उदयपुर) को तर्फबाट सेन्चुरी कमर्सियल बैंक लि., पुतलिसडक, काठमाण्डौंमा जारी भएको कार्यसम्पादन जमानत (P.B./CCBPB33357576) प्रचलित ऐन नियमानुसार रोक्का राख्ने तर्फ लेखा शाखालाई सहयोग र सहजीकरण गरी तु रोक्का राख्ने तर्फ सम्बन्धित बैंकलाई पत्राचार गर्नुहुन साथै यस सम्बन्धमा आयोजना इन्चार्जको हैसियतबाट (तर्फबाट) गर्नुपर्ने प्राविधिक प्रक्रियाका र कानुनी प्रक्रियाका कार्य गर्नु हुन समेत अनुरोध।*

**श्री सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, आर्थिक प्रशासन शाखा, फिक्कल, इलाम:-** *तत्काल ३ दिनभित्र माथि उल्लिखित ठे.नं. अनुसारको आयोजनाको मामा भान्जा निर्माण सेवा, (त्रियुगा न.पा.११ उदयपुर) बाट यस कार्यालयको पक्षमा (नाममा) जारी भएको सेन्चुरी कमर्सियल बैंक लि., पुतलिसडक, काठमाण्डौंमा रहेको/ जारी गरिएको कार्यसम्पादन जमानत (P.B./CCBPB33357576) तु ३ दिन भित्र रोक्का गर्नुहुन र निर्धारित समयभित्र माथि उल्लिखित आयोजनाको बाँकी निर्माण कार्य ताकेता गरिएको अन्तिम समय (२०७८/०९/३० सम्म) सम्पन्न नभएमा अन्तिम ताकेता गरिएको समय नाघेपछि उक्त कार्य सम्पादन जमानत (P.B.) र कट्टि गरिएको धरौटी रकम प्रचलित ऐन नियमानुसार जफत गरी सू.न.पा.को सञ्चित कोषमा दाखिला गर्नुहुन।*

**श्री सेन्चुरी कमर्सियल बैंक लि., पुतलिसडक, काठमाण्डौं:-** *माथि उल्लिखित निर्माणाधीन* ***ठे.नं. SUMO/ILAM/NCB/WORKS 08/075/076/076/077/077/078/078/079 पशुपतिनगर मानेभञ्ज्याङ्ग चोक देउराली बागगविरे सडक स्तरोन्नती निर्माण आयोजना फेज I*** *अनुसारको आयोजनाको यस कार्यालयको पक्षमा/ नाममा रहेको मामा भान्जा निर्माण सेवा, (त्रियुगा न.पा.११ उदयपुर) को तर्फबाट त्यस सेन्चुरी कमर्सियल बैंक लि., पुतलिसडक, काठमाण्डौंमा जारी भएको कार्यसम्पादन जमानत (P.B.) CCBPB33357576 यस कार्यालयबाट पत्राचार गरी फुकुवा नभएसम्मको लागि रोक्का राखिदिनु हुन।*

**श्री निर्माण व्यवसायी संघ, इलाम:-** *आवश्यक जानकारीको लागि।*